**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 28 February 2025
Review: 3 March to 12 March 2025
Revision 13 March to 18 March 2025
Accept: 20 March 2025
Published: 10 April 2025
DOI: https://doi.org/10.3126/ps.v23i1.77514
Available: https://www.nepjol.info/index.php/ps

# माया ठकुरीको 'बोक्सी' कथामा नारी उत्पीडन

जानुका कोइराला (उर्मीला)
(त्रि.वि. दर्शनाचार्य तहको दोस्रो सत्रमा अध्ययनरत शोधार्थी)
Email: koirala_urmila@yahoo.com

**लेखसार**

प्रस्तुत लेख मूलतः कथाकार माया ठकुरीको 'बोक्सी' कथाको सांस्कृतिक अध्ययनमा केन्द्रित छ । आधुनिक नेपाली कथाको क्षेत्रमा छवटा कथासङ्ग्रह प्रकाशित गरेर कथाकार ठकुरी नेपाली कथा क्षेत्रमा बलियो पहिचान निर्माण गर्न सफल भएकी छन् । नेपाली आधुनिक कथामा विशिष्ट योगदान पुऱ्याए तापनि उनको कथाकारिताको नारीवादी कोणबाट यथेष्ट अनुसन्धान भएको पाइदैंन । यो लेख माया ठकुरीको 'बोक्सी' कथाको नारीवादको नारी उत्पीडन अन्तर्गत केट मिलेटको आमूल नारीवादी सैद्धान्तिक मान्यतालाई आधार मानी तयार पारिएको छ । नारी उत्पीडन सम्बन्धी अवधारणा नारीवादी साहित्यिक समालोचनासँग सम्बन्धित छ । यसै मान्यताका आधारमा जैविक उत्पीडन, सामाजिक उत्पीडन र यौनिक उत्पीडनका आधारमा बोक्सी कथाको सूक्ष्मतापूर्वक अध्ययन गरेर यो लेख तयार पारिएको छ । नारी उत्पीडन नारीवादभित्रकै एउटा पक्ष हो । यसमा कथाकारले तत्कालीन समाजमा बोक्सीका नाममा नारीले भोग्नुपरेका समस्या र हिंसालाई प्रस्तुत गरेकी छन् । कथामा नारी उत्पीडनको खोजी गरेर विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो । कथाको नारीवादी विश्लेषणमा विद्रोह र क्रान्तिमात्र महत्त्वपूर्ण नभएर नारी उत्पीडन पनि उत्तिकै महत्त्वपूर्ण भएको हुनाले नारी उत्पीडनका दृष्टिले यो कथा अध्ययनीय छ ।

*शब्दकुञ्जी* : आधिपत्य, दमन, पक्षपोषण विरासत, समता

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत अध्ययन माया ठकुरीको 'बोक्सी' कथामा नारी उत्पीडनको खोजीमा आधारित छ । साहित्यका उपन्यास, कथा, कविता लगायत विविध विधामा कलम चलाएकी माया ठकुरी (सन् १९४९) को आख्यानमा विशेष दखल रहेको छ । उनको नजुरेको जोडी (२०३०),गमलाको फूल (२०३३), साँघु तरेपछि (२०३९), चौतारो साक्षी छ (२०४६), माया ठकुरीका कथाहरू (२०४८), प्रियंवदा (२०६९) गरी छवटा कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनका अधिकांश कथामा नारीका पीडाहरू मुखरित भएका छन् । कथाकार ठकुरीले उनका कथाहरूमा नारीका विभेदका मुद्दाहरूको उठान गरेकी छन् । कथाकार ठकुरीद्वारा लिखित 'बोक्सी' कथा 'प्रियंवदा' कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यो प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित 'आधुनिक नेपाली नारीकथाहरू' भित्र पनि समेटिएको कथा हो । उनले यस कथामा पितृसत्तात्मक समाजमा नारीले सहनुपरेको पीर, व्यथा र उत्पीडनलाई सरल भाषा र कलात्मक तरिकाले उतारेकी छिन् । यिनको कथाको केन्द्रीय प्रवृत्ति नारीउत्पीडनसँग सम्बन्धित हुन्छ । बोक्सी ठकुरीको नारी उत्पीडनमूलक कथा हो । उनले यस कथा समस्यालाई केन्द्रमा राखेर नारी उत्पीडनको चित्र प्रस्तुत गरेकी छिन् । यसमा कथाकारले नारीलाई बोक्सी बनाउने यो समाजमा बोक्सी बन्न नारीले दुःखद अवस्थाको सामना गरे पुग्ने पक्ष उजागर गरेकी छिन् । एक्लो हुनु, असहाय हुनु, आर्थिक रुपमा कमजोर हुनु र मानसिक रुपमा कमजोर हुनु नै समाजले बोक्सी हुनुको प्रमाण मान्दछ भन्ने पक्ष कथामा प्रस्तुत गरिएको छ । 'बोक्सी' पितृसत्तात्मक समाजमा विद्यमान उत्पीडित नारीहरूको कथा हो ।

साहित्यका विविध विधामध्ये कथा एउटा कलात्मक भाषिक अभिव्यक्ति हो । यो लोकप्रिय विधामध्येको एक हो । यो आख्यानको एउटा रूप हो । बनाइएको घटनाबाट बन्ने कथा लेखनमा गद्य भाषाको उपयोग गरिन्छ । कथाको निर्माणमा विचार पक्षको महत्त्वपूर्ण भूमिका हुन्छ । नारीको विषयमा लेखिएको यस कथामा स्वतः नारीको पक्षपोषण भएको छ । यस कथालाई नारीवादका कोणबाट हेरिएको छ । नारी उत्पीडन नारीवादभित्रकै एउटा पक्ष हो । यसमा कथाकारले तत्कालीन समाजमा बोक्सीका नाममा नारीले भोग्नुपरेका समस्या र हिंसालाई प्रस्तुत गरेकी छिन् । कथाको नारीवादी विश्लेषणमा विद्रोहमात्र महत्त्वपूर्ण नभएर नारी उत्पीडन पनि उत्तिकै महत्त्वपूर्ण भएको हुनाले नारी उत्पीडनका दृष्टिले यो कथा अध्ययनीय छ ।

प्रस्तुत अध्ययनको शीर्षक 'बोक्सी' कथामा नारी उत्पीडन भएकाले यसको मूल समस्या पनि यो कथामा नारी उत्पीडनको चित्रण केकसरी गरिएको छ भन्ने समस्यामा केन्द्रित रहेर यो लेख तयार भएको छ र यस कथामा नारीउत्पीडनको खोजी गरेर विश्लेषण गर्नु यसको उद्देश्य हो । 'बोक्सी' कथामा पनि विविध विषयको प्रतिपादन भए तापनि यो अध्ययनमा अरू विषयलाई छाडेर 'बोक्सी' कथामा नारी उत्पीडनको मात्र खोजी गरिएको छ । प्रियंवदा कथासङ्ग्रह प्रकाशन वि. स. २०६९ पश्चात पनि कथाकार ठकुरीका कथा र कथासङ्ग्रहका बारेमा विभिन्न लेखरचना प्रकाशित भएका तथा विश्वविद्यालयबाट शोध अनुसन्धान गरिएको पाइन्छ । अम्बिका देवकोटाको "माया ठकुरीको चौतारो साक्षी छ कथासङ्ग्रहको कृतिपरक विश्लेषण" (२०७०) शोधपत्रमा बोक्सी कथाको विश्लेषण भएको छैन । मदनमान सिंह रोकायको "नजुरेको जोडी कथासङ्ग्रहको कृतिपरक अध्ययन" (२०७०) शीर्षकको शोधपत्रमा पनि बोक्सी कथा र नारी उत्पीडन विषय समेटिएको छैन । अध्ययन महत्त्वपूर्ण छ । यो कथा यस दृष्टिले विशेष अनुसन्धेय छ । सपना पोखरेलको "आमा जानुहोस् कथासङ्ग्रहका नारीपात्र" (२०७३) शीर्षकको शोधपत्रमा बोक्सी कथा र नारी उत्पीडन विषयको अध्ययन भएको छैन । लोकबहादुर डाँगीको "माया ठकुरीका कथामा प्रजाति, क्षण र परिवेश" (२०७४) शीर्षकको शोधपत्रमा नारी उत्पीडनको अध्ययन भएको छैन । मीरा शाहीको माया ठकुरीका कथामा सीमान्तीयता शीर्षकको शोधप्रबन्धमा पनि बोक्सी कथाको अध्ययन भएको छैन । रमेश प्रभातको "माया ठकुरीका कथामा सबाल्टर्न" शीर्षकको लेखमा पनि नारी उत्पीडनको अध्ययन भएको छैन । "माया ठकुरीका कथाहरू कथासङ्ग्रहमा प्रयुक्त उखानको तात्पर्य" शीर्षकको लेखमा पनि बोक्सी कथाको अध्ययन भएको छैन । यसरी, उल्लिखित लेख र शोधग्रन्थहरूमा माया ठकुरीका कथाहरूको विविध तरिकाले अध्ययन भएको पाइन्छ । तर बोक्सी कथा र नारी उत्पीडनसँग जोडिएर कुनै अध्ययन नभएकाले त्यो क्षेत्रमा शोधरिक्तता देखिन्छ । सो रिक्तता परिपूर्ति गर्ने उद्देश्यले यो लेख तयार पारिएको छ । नारी उत्पीडनमा मात्र केन्द्रित भएर अध्ययन भएको हुनाले यो अध्ययन महत्त्वपूर्ण र विशेष अनुसन्धेय देखिन्छ ।

## सैद्धान्तिक पर्याधार

बोक्सी कथाको विश्लेषण गर्ने आधारमा नारीवादसँग सम्बन्धित सैद्धान्तिक मान्यतालाई लिइएको छ । नारीवाद पश्चिमी मुलुकमा स्थापित भएको मान्यता हो । यो मान्यता विशेषगरी महिलाप्रतिको समतामूलक र समानतामूलक अवधारणामा आधारित छ । यस सन्दर्भमा नारीवादी आन्दोलनको पहिलो लहरकी सिमोन दि बुभायर(१९५६) ले

द सेकेन्ड सेक्समा लेखेकी छिन् -"सन्तानलाई पिताको नाम प्राप्त हुन लागेपछि पुरूषले नारीमाथि आफ्नो सत्ता आरोपित गरिदियो । पिताबाट नारीले प्राप्त गरेको सम्पत्ति पनि सन्तानका माध्यमले पतिकै परिवारमा सामेल हुन लाग्यो । यसरी अति चलाखीपूर्ण तरिकाले नारीलाई सम्पत्ति र सत्ताको उत्तराधिकारीबाट वञ्चित गराइयो । आफूसँग केही नभएकी नारी अब व्यक्तिको गरिमाबाट बञ्चित भएर पुरूषको विरासतको एक अंशमात्र बन्न पुगी" (पृ. १०७) । आदिकालमा महिलाहरूकै हातमा सत्ता थियो र उनीहरू सम्मानित र अधिकारसम्पन्न जीवन बाँच्दथे तर उक्त मातृसत्तात्मक व्यवस्था बिस्तारै पितृसत्तामा परिणत भएको र अन्ततः महिलाहरू पुरूषबाटै उत्पीडित भएर बाँच्नु परेको यथार्थ विरूद्ध नारीवाद स्थापना भएको हो । "नारीवादले पितृसत्ताका कारण सिर्जित नारी समस्याको समाधान खोज्ने हुँदा पुरूषको कारण महिलाले भोग्नुपरेको अधीनताको अध्ययन गर्छ" (ढकाल, २०८१, पृ. १७) ।

समाजमा भइरहेका आर्थिक, सामाजिक, लैङ्गिक लगायतका सम्पूर्ण विभेदको अन्त्य गर्ने लक्ष्य नारीवादमा हुन्छ । "स्त्रीवाद नारीसम्बन्धी यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ । समाजमा स्वास्नीमान्छे पीडित छन् र सुविधाबाट वञ्चित छन् । स्त्रीवादीहरू स्वास्नीमान्छेले लोग्नेमान्छे सरह अवसर पाउनुपर्छ भनेर आवाज उठाउँछन्" (गौतम, २०६९, पृ. ३४४) । यसको अर्थ नारीहरू पुरूषको तुलनामा पीडामा छन्, उत्पीडनमा छन् त्यसैले उनीहरूले पनि पुरूष सरह हक अधिकार पाउनुपर्छ भन्ने मान्यता नै नारीवाद हो । यस कुरालाई रमेश भट्टराईको यो भनाइले अझ पुष्टि गर्छ - "नारीवादले महिलाको कोणबाट नारीहरूलाई हेर्दछ र संसारभरी नै महिलाहरूलाई पुरुषको तुलनामा कमजोर र पीडित बनाइएको छ भन्ने मान्यता राख्दछ" (भट्टराई, २०७६, पृ. २५९-२७३) । नारीवादले सर्वप्रथम नारीहरू लैङ्गिक दृष्टिले पछाडि परेका छन् भन्ने कुरा स्वीकार गर्छ र समानताका लागि सङ्घर्ष गर्छ । "वर्चस्वका दृष्टिले सत्ताद्वारा उत्पीडित हुनु र शक्तिका दृष्टिले निर्बल हुनु भन्ने परिचयका साथ समाजले नारीलाई हेरेको छ" (मेनन, सन् २०१२, पृ. viii) । मातृसत्ताको अन्त्य र पुरूषसत्ताको उदयसँगै पुरूष सत्ताले नारीलाई निर्बल हुन्छन् भन्ने भाष्य निर्माण गऱ्यो र उक्त भाष्य कालान्तरमा स्थापित हुन पुग्यो । "वास्तविक अर्थमा महिलाको अधीनता उच्च सत्ताका कारण हो र सामाजिक सांस्कृतिक संस्थाका कारण पितृसत्ताले महिलामाथि दमन गरेको छ नै तर महिला आफैँलाई पनि यस्ता प्रश्न सुन्न र निर्माण गर्न अक्षम बनाएको छ" (सोवाल्टर, सन् २०१२, पृ. २४) । पितृसत्ताले नारीलाई आफूमाथि भइरहेको दमन र भेदभाव समेत स्वीकारेर प्रतिकार गर्न नसक्ने स्थितिमा पुऱ्याएको छ ।

नारीमाथि जे जति पनि उत्पीडन हुन्छन् ती सबै महिलाले भोग्नैपर्ने सत्यका रूपमा पुरूष सत्ताले आफू अनुकूलका धर्म संस्कृति आदि निर्माण गरेर मानसिक रूपमा नारीले स्वीकार्ने बनाएको छ । "वास्तवमा नारीवाद घरभित्र र घरबाहिर महिलाले समानता र सम्मान पाउनका लागि तथा आफ्नो जीवन र शरीरका बारेमा स्वयम् निर्णय गर्ने अधिकारका लागि गरिने सङ्घर्ष हो" (भासिन, सन् १९८६, पृ. २-३) । नारीवादमा सामाजिक रूपमा पाउने अधिकार र सम्मान, पारिवारिक रूपमा अधिकार र सम्मान तथा आफ्नो शरीरमाथिको निर्णयमा पाउने अधिकार र सम्मानसम्मका कुराहरू पर्दछन् । "महिला वर्गले खेप्ने लैङ्गिक विभेद तथा विभिन्न प्रकारका उत्पीडनको पछाडि पितृसत्ता तथा पितृसत्तात्मकताको भूमिका रहन्छ" ( प्रतीक्षा, २०७९, पृ. ८९) । नारीमाथिको उत्पीडन आदिकालदेखि नभएर पितृसत्ताको उदयसँगै भएको कुरा यस भनाइले पनि थप पुष्टि गर्दछ । "मानवसभ्यता र समाजका इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्त अथवा सबाल्टर्न बनाइँदै आएका छन् । उनीहरूको पहिचानलाई पुरूष आधारित बनाइएको र पुरूषको यौनसुखको परितृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन बनायो" (पाण्डेय, २०७३, पृ. ८३) । सन्तान उत्पादन र उनीहरूलाई हुर्काउने जिम्मेवारीका कारण विकसित भएको नारी कमजोर हुन्छन् भन्ने भाष्यले कालान्तरमा नारी उत्पीडनको पाटो बन्न पुग्यो । नारी उत्पीडनका सम्बन्धमा एङ्गेल्सको फरक दृष्टिकोण पाइन्छ । "मानव सभ्यताको विकासक्रममा एकनिष्ठ विवाहको सुरूवातसँगै पुरूष र नारी बिचको अन्तरविरोध र पहिलो वर्गीय उत्पीडन पुरूषद्वारा नारीमाथिको आधिपत्यका साथ भएको हो" (एङ्गेल्स, सन् १९०६, पृ. ७९) । एङ्गेल्सले मार्क्सवादी मान्यतामा आधारित भएर नारी उत्पीडनलाई पनि वर्गीय उत्पीडनकै एउटा पाटोको रूपमा हेरेका छन् । ''प्रार्था चटर्जीका अनुसार पितृसत्तात्मक सोच अनुरुप पुरुषले परम्पराबाट बाहिर निस्केर नयाँ आधुनिक परिपाटी सिकेमा केही फरक पर्दैन तर नारीले घरभित्र बसेर पारिवारिक तथा सांस्कृतिक परम्पराको जगेर्ना गर्ने जिम्मेवारी लिनुपर्छ'' (उप्रेती, २०६८, पृ. २३४) । पितृसत्ताले निर्धारण गरेका विधि विधानले नारीलाई घरभित्र सीमित गरेर पारिवारिक जिम्मेवारी पुरा गर्नुपर्ने र पुरूषलाई घरबाहिर फिजिने मौका दिएको छ । केट मिलेटले सेक्सुअल पोलिटिक्समा पितृसत्तामा भएको नारी उत्पीडनलाई उजागर गर्नुका साथै यसप्रति विद्रोही भाव व्यक्त गरेकी छिन् । केट मिलेटको आमूल नारीवादी सैद्धान्तिक मान्यताका आधारमा (१) जैविक, (२) सामाजिक, (३) यौनिक गरेर तीन उत्पीडनलाई सूचक बनाएर यस कथाको विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख 'बोक्सी' कथामा नारी उत्पीडनसँग सम्बन्धित छ । कथाकार माया ठकुरीद्वारा लिखित 'बोक्सी' कथाको नारी उत्पीडनको अध्ययनका लागि पुस्तकालयबाट सामग्रीहरू सङ्कलन गरिएको छ । यसमा 'बोक्सी' कथा प्राथमिक सामग्री हो भने यस सम्बन्धी गरिएका अध्ययन, अनुसन्धान, समालोचना, विभिन्न सहयोगी पुस्तकहरू आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो पाठपरक अध्ययन आलोचनात्मक दृष्टिकोणबाट हेरिएको छ । निगमनात्मक विधिको उपयोग गरिएको यस अध्ययनमा व्याख्या विश्लेषण गुणात्मक पद्धतिबाट गरिएको छ ।

## परिणाम र विमर्श

नारी उत्पीडन सम्बन्धी अवधारणा नारीवादी साहित्यिक समालोचनासँग सम्बन्धित छ । पुरूषप्रधान समाजमा महिलाहरू दोस्रो दर्जाका मात्र गनिन्छन् । कथामा अभिव्यक्त हुने नारी उत्पीडनका स्वरहरूले पुरूषप्रधान समाजमा स्थापित मूल्यमान्यताका कारण महिलाले सहनु परेको विभेद र स्वीकार्नु परेको मौन आधिपत्यको चिरफार गर्ने काम गर्दछ । यसमा बोक्सी कथामा अभिव्यक्त नारी उत्पीडनलाई केट मिलेटको आमूल नारीवादी सैद्धान्तिक मान्यतालाई आधार मानेर यस कथामा (१) जैविक उत्पीडन, (२) सामाजिक, सांस्कृतिक उत्पीडन, (३) यौनिक उत्पीडनका आधारमा 'बोक्सी' कथाको अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको छ ।

### 'बोक्सी' कथामा जैविक उत्पीडन

बोक्सी कथामा जैविक कारणले ऊ पात्रले के कस्ता उत्पीडनहरू सहनुपरेको छ भन्ने कुराको खोजी जैविक उत्पीडन अन्तर्गत गरिएको छ । नारी जैविक रूपमा पुरूषभन्दा भिन्न छे । बोक्सी कथामा ऊ पात्रले जे जति पनि उत्पीडनहरू सहनु परेको छ, ती सबै उत्पीडनको सुरूवात जैविक रूपमा उसको जन्म महिलाका रूपमा हुनुले भएको हो । "शक्तिसम्पन्न र उर्वरा महिलामा भएको प्रजननक्षमता पुरुषमा थिएन । यही विशेषता उसको दासताको मूल कारण बन्यो । मासिक धर्म, गर्भाधान एवम् प्रशव जस्ता जैविक घटनाहरू उसको काम गर्ने क्षमतालाई ह्रास गर्ने साबित भए" (बुभायर, सन् १९५६. पृ. ८८) । विशेषगरी महिलाको प्रजनन् विशेषताका कारण उनीहरू हरेक दृष्टिले पछाडि पर्न थाले । जसलाई यो भनाइले पनि पुष्टि गर्दछ - "महिलाले जन्मजात लिएर आउने शारीरिक संरचना उसको जैविकीय अवस्था अन्तर्गत पर्दछ । यस दृष्टिले ऊ पुरूषभन्दा भिन्न हुन्छे । शरीर संरचनाको भिन्नता तथा त्यसमा निहित विशेषताका कारण उसले विभेद भोल्नुपर्ने हुन्छ" (प्रतीक्षा, २०७८. पृ. ३१) । यस कथाकी पात्र उसले १४ वर्षको उमेरदेखि पितृसत्ताको सिकार बनेर जीवनको वृद्धावस्था पनि त्रासैत्रासमा गुजारा गर्दैछे । जैविक रूपमा ऊ पात्र महिला भएकीले नै चौध वर्षको कलिलो उमेरमा विवाह भएको छ । जैविकीय रूपमा ऊ पात्र महिला भएकै कारण लोग्नेबाट पिटाइ खान्छे भने ऊ मुखाले बनेर चित्त बुझाउँछे । जसलाई कथाकारले यसरी प्रस्तुत गरेकी छिन् - "कहिलेकाहीँ सानोतिनो कुरामा पनि उसको र उसको पतिको माझमा निकै भनाभन पर्दथ्यो र उसको पतिले उसलाई एक-दुई थप्पड पनि लगाउने गर्दथ्यो" (पृ. ६०) । उसले भनाभन भएको वा मुख लागेको भरमा पतिबाट लैङ्गिक हिंसा सहन्छे । जब कि भनाभन हुने कार्य एकतर्फी हुँदैन । त्यसैगरी बिहे गरेको पाँच वर्षसम्म सबैबाट उसले घोचपेच सहनु परेको छ । यसको पुष्टि "विवाह भएको पाँच वर्ष बितिसक्दा पनि उसको कोख खुलेको थिएन । त्यसकारण उसको पतिबाहेक अरू व्यक्तिहरूबाट निकै घोचपेचका कुरा सुन्नुपरेको थियो उसले" (पृ. ६०) । जैविक भिन्न्ताका कारण महिलाहरूमा मातृत्वको विशेष क्षमता छ । यही मातृत्व क्षमताका कारण उसको समाजमा गरिमा देखिन्छ भने बच्चा नजन्मनुलाई पनि नारीलाई नै यसरी दोषी मानिन्छ । बच्चा नजन्मदा प्रत्यक्ष रूपमा बाँझी भन्ने शब्दको प्रयोग नगरे पनि अप्रत्यक्ष रूपमा उसलाई दोषारोपण गरिएको छ । त्यतिमात्र होइन छैठौं वर्षमा उसको गर्भ खेर जान्छ "उसको बिहे भएको छैठौं बर्ष लाग्दा उसको गर्भ तुहेको हुनाले उसको सासू रिसले आगो भएकी थिइन्" (पृ. ६०) । ऊ पात्र जैविकीय कारणले नै विवाह गरेको पाँच वर्षसम्म आमा बन्न सकेकी छैन र छैठौं वर्षमा पनि जैविक कारणले नै गर्भ तुहिन पुगेको छ । तर गर्भ खेर जानुमा पनि उही दोषी बन्छे र सासूको रिस भोलेकी छे । सासूको बारम्बार सौता हाल्ने इच्छा सामु उसको मानसिक जैविक रूपमा महिला भएकै कारण उसले ४६ वर्षदेखि विधवा जीवन बिताइ र महिला भएकै कारण लोग्नेको मृत्युसँगै बोक्सीको आरोप खेपी । एकल महिला भएकाले नै गर्भको बच्चा, सासु र लोग्ने खाएको आरोप सहित ऊ समाजमा बोक्सीको रूपमा प्रतिस्थापित भइ । यहाँसम्म कि बच्चाहरूको कलिलो मानसिकतामा समेत समाजले उप्रति नकारात्मक धारणा यसरी भरिदिएको छ - "नाइँ, म खान्न तपाइँले दिएको । हाम्री आमाले भन्नुभएको तपाइँ त बोक्सी हो अरे । तपाइँले दिएको खानेकुरा खाएपछि मरिन्छ अरे" (पृ. ६१) । समाजमा बालकदेखि बृद्धसम्मले उसको खेदो खनेका छन् । ऊ महिला भएकै कारण दिउँसो बोक्सी भनेर मुन्टो बटार्ने यो समाजका पुरूषहरू रात परेपछि यौन तृप्तिको लागि उसकै ढोका ढक्ढक्याउन पछि परेका छैनन् । त्यसैगरी जैविक रूपमा महिला हुनाकै परिणाम ऊ आफ्नो बुढेसकाल समेत बोक्सीको

आरोपमा दिसापिसाब खुवाइएको, मरणासन्न हुनेगरी कुटपिट गरेको दुःखद घटनाहरू सुनेर मानसिक रूपमा विक्षिप्त हुन्छे र अत्तालिदैँ, बर्बराउँदै जीवन काट्न विवश बनेकी छे ।

जैविक रूपमा महिला भएर जन्मनुकै कारण ऊ पात्रले जीवनमा निकै उत्पीडनहरूको सामना गर्नु परेको छ । पितृसत्तात्मक समाजमा जैविकीय रूपमा महिलाको शरीर धारण गरेकाले नै ऊ पात्रले क्रमशः सामाजिक र यौनिक उत्पीडनको पनि सिकार बन्नु परेको छ । यस कथामा ऊ पात्रले १४ वर्षदेखि ६८ वर्षसम्म भोग्नुपरेका शारीरिक र मानसिक उत्पीडनको अभिव्यक्त गरिएको छ ।

**'बोक्सी' कथामा सामाजिक, सांस्कृतिक उत्पीडन**

बोक्सी कथा पितृसत्तात्मक सामाजिक परिवेशमा संरचित कथा हो । यस कथामा ऊ पात्रले सामाजिक रूपमा अनेकौं उत्पीडनमा झेलेकी छे । "आदिकालदेखि नै पुरूषकी भोग्या, आदर्श पत्नी तथा वीर र पराक्रमी छोरा जन्माउने साधनका रूपमा हेर्ने गरिएकी नारीको अवस्थामा वर्तमान समयको साहित्यमा आइपुग्दा पनि खासै परिवर्तन भएको छैन" ( शर्मा, २०७०. पृ. २३७ - २५६) । चौध वर्षमै बिहे भएको ऊ पात्रको पाँच वर्षसम्म बच्चा नजन्मनु र छैठौं वर्षमा गर्भ तुहिनुमा उसले नै दोष पाउनु तथा उसकी सासूले उमाथि बच्चाकै लागि सौता हाल्न केटी तयार गर्नुसम्मका घटनाले यसको पुष्टि गर्दछ । यहाँ पुरूषको बहुविवाहलाई प्रोत्साहित गर्ने र सहजै स्वीकार गर्ने मनोवृत्तिको उजागर भएको छ । आज पनि विवाहरूपी संस्थाले एउटा सन्तान उत्पादन गर्ने मेसिनका रूपमा महिलालाई भित्र्याउने गर्दछ । "महिलामाथिको आर्थिक शोषण, सामाजिक विभेदका विविध रूपहरू, भेदभाव र नियन्त्रण, हिँसा, असम्मान, दमन आदि सबै पितृसत्तात्मक सामाजिक संरचनाका विशेषता हुन्" (पाण्डे, २०६९, पृ. ११) । पित्रृसत्तातमक समाजमा नारीहरूले भोग्नुपरेको नारकीय जीवनको ज्वलन्त उदाहरण हो ऊ पात्र । बोक्सी कथामा कथाकी प्रमुख पात्र ऊ पाइलै पिच्छे सामाजिक सांस्कृतिक उत्पीडनको सिकार भएकी छे । पितृसत्तात्मक समाजका प्रतिनिधिहरूबाट ऊ पात्रलाई बोक्सी घोषित भएकी छे । अर्को शब्दमा भन्नुपर्दा अन्धविश्वासले जकडिएको यो समाजले ऊ पात्रलाई बोक्सी बनाइदिएको छ । बच्चा तुहिनु, सासू कालगतिले मर्नु, लोग्नेको कामको सिलसिलामा चार तलाबाट खसेर दुर्घटनावश मृत्यु हुनु जस्ता घटनाले उसले विधवा र एक्लो जीवन मात्र झेल्नु परेन, उसले त पुरै जीवनभर समाजको बोक्सी भन्ने लाञ्छना सहनुपर्‍यो । उसको विरूद्ध समाजले पेटको बच्चा, लोग्ने र सासू मारेको भनेर प्रमाण पेश गरिएको छ र ऊ समाजमा बालकदेखि बृद्धसम्मको बहिस्कारको सिकार बनेकी छे । उसले एक मुठी सास धान्न ठुलाबडाका घरमा ढिकी जाँतो गरेकी छे । "पितृसत्तात्मक समाजमा महिलाका विरूद्धमा महिलालाई प्रयोग गरेर आफू चोखो बन्छ" (ढकाल, २०७०, पृ. २८० - २९२) । पितृसत्ताले नारीमाथि गरिने विभेदका लागि नारीलाई नै प्रयोग गर्ने गरेको छ । नारीहरूको सोचाइ पितृसत्तात्मक मान्यता अनुरूप यसरी परिचालित छ कि पितृसत्ता विरूद्ध जानु आफू गलत बाटो हिँड्नु हो भन्ने कुरामा अभ्यस्त भएका छन् । यसको पुष्टि कथाको निम्न अंशहरूले गर्दछन्- "ऊ बोक्सी भएको कारणले गर्दा नै उसको उसको आफ्नो गर्भको शिशु, सासू र लोग्नेलाई मारेर खाएको आरोप लगाएका थिए, उसका छिमेकका महिलाहरूले उसलाई" (पृ. ६०) । ऊ पात्रलाई बोक्सीको आरोप आफ्नै छिमेकी महिलाहरूले लगाएका छन् । यसबाट पित्रृसत्ताले महिलाको चेतनास्तरमा समेत कब्जा गरेर पुरूषको स्वार्थ र सुबिधा अनुकूलको नारी मानसिकता निर्माण गर्न सफल भएको छ भन्न सकिन्छ । "कतिका त घरैमा गएर उनीहरूको स्वास्नी अघि उनीहरूको कुकृत्यको पोल खोल्ने गरेकी थिइ उसले, तर ती आइमाइहरूले उल्टो उसैलाई अरूका लोग्नेलाई फसाउन खोज्ने बेश्या भनेर गाली गरेर पठाउँथे" (पृ. ६२) । यहाँ झट्ट हेर्दा महिला नै महिलाको शत्रु हो भन्ने कुरा चरितार्थ भएझैँ लागेता पनि वास्तवमा यो पनि पितृसत्ताले महिलाको सोचाइमा गरेको नियन्त्रणको परिणति हो । संस्कार, संस्कृति, धर्म, परिवार, माया, इत्यादिका नाममा यति अन्धो बनाएको छ कि उनीहरू समाजले दिएको सोचबाट माथि उठ्नै सक्दैनन् । जसका कारण कतिपय अवस्थामा एक नारीले नै अर्को नारीमाथि चरम दमन पुग्छन् भन्ने कुराको पुष्टि हुन्छ । सबैतिरबाट खेदिएकी र कमजोर भएकी एउटी महिलालाई समानले त के आफ्नै परिवारले पनि एक्ल्याउँछ भन्ने कुरा उसले जेठाजु आएको बेलामा आफू पनि सँगै जाने मनसायमा यसरी लगाएको रोकले पुष्टि गर्दछ - "झुपडी घर भए तापनि बास बस्ने ठाउँ छँदै छ । यहीँ करेसाबारीमा तरकारी उत्पादन गरेर बेच्ने गर्‍यौ भने पनि एउटाको जीउ त सजिलसँगै धान्न सकिन्छ । छिमेकीहरू पनि असल छन् । बरू म बेला बेलामा आउँदै गरौँला" (पृ.६१) । यसरी आफ्नै जेठाजुले भाइ मरेपछि बुहारीको पिछा छुटाएको थियो । यसबाट बलेको आगो ताप्ने समाजको प्रवृत्तिको चित्र उद्घाटन गरेको छ । "पितृसत्ताले निर्देशित समाजमा महिलाहरूलाई कोमल, कमजोर, निरीह, परनिर्भर, असक्षम, सेवक रक्षिता आदि परिचय दिइएको हुन्छ भने यसको विपरीत पुरूषलाई कठोर, आक्रामक, साहसी, सक्षम, मालिक, स्वाबलम्बी, रक्षक आदिका रूपमा चिनाइएको हुन्छ । यस्तो समाजमा महिलाको नैतिकतामा पनि नियन्त्रण गरिएको हुन्छ" (प्रतीक्षा, २०७०, पृ. ३२५ - ३५६) । आफूमाथि गिद्दे दृष्टि राखेर आधा रातमा ढोका ढक्ढक्याउन आउने पुरूषका स्वास्नीसम्म कुरा पुर्‍याउँदा उल्टो उसलाई वेश्या भन्ने उल्टो परिणाम आउनुले यस

कुराको पुष्टि गर्दछ । त्यसैले ऊ जस्तो उत्पीडन सहनु परे पनि चुप छे । एकल अबलालाई बोक्सी मान्ने पितृसत्तात्मक समाजको मानसिकताको चित्रण कथामा यसरी गरिएको छ- "पहिले पहिले जुन आइमाईहरूले उसको ढाडपछाडि बोक्सी भनेर आरोप लगाउने गर्दथे, तिनै आइमाईहरूले हिजोआज उसैको मुखेन्जेली उसलाई बोक्सी भनेर गाली गर्न र सराप्न थालेका थिए" (पृ. ६२) । एउटा सहाराविहीन नारीले आफ्नो जीवनमा आएका हरेक प्रतिकूल परिस्थितिको सामना सहनशील भएर त गरेकी छे तर उसले आफ्नो लागि समाजसँग जुध्न सकेकी छैन । गलतको प्रतिकार गरेर पितृसत्ताको विरोधमा उत्रन सकेकी छैन । समाजका पुरूषहरूको गिद्दे दृष्टि सहेकी छे । रातमा ढक्ढकाउन आउने हातदेखि सन्त्रासपूर्ण रात काटेकी छे । समाजबाट पाएको जस्तोसुकै दुर्व्यवहार, दुर्वचन र मानसिक प्रताडना सहेर पनि उसले ६८ वर्षको उमेरसम्म त्यही ठाउँमा गुजारा गरेकी छे । तर पनि उसलाई अब त झन् शान्ति छैन । शारीरिक र मानसिक दुवै कमजोर भएकी छे । समाजमा अझै पनि बोक्सीका नाममा मान्छेलाई कुट्ने मार्ने र मलमुत्र खुवाइने क्रम घट्न नसकेको कुरा यसले पुष्टि गर्दछ - "आफ्नै देशभित्रका कुनै कुनै ठाउँमा ऊजस्तै गरीब र निःसहाय आइमाइहरूलाई बोक्सीको आरोप लगाएर गाउँलेहरू मिलेर उसलाई मरणासन्न हुने गरी कुटेर आफ्नै मलमूत्र खान बाध्य तुल्याएको कुरो उसको कानमा पनि परेको छ" (पृ. ६२-६३) । बेलाबखत सुनिने बोक्सीका नाममा महिलामाथि भएको दुर्व्यव्यवहार खबरले ऊ मानसिक रूपमा पनि विक्षिप्त भइसकेकी छे । शारीरिक रुपमा पनि अशक्त र मानसिक रूपमा पनि असन्तुलित भइसकेकी एक बृद्धावस्थाकी नारीको चरम उत्पीडनको अवस्थालाई कथामा यसरी व्यक्त गरिएको छ -"मलाई नमार ! मलाई छोडिदेऊ । नाइँ म खान्न ! ! खान्न ‼ म बोक्सी होइन । ममाथि दया गर ! मलाई नमार ! म बोक्सी होइन" (पृ. ६३) । भन्दै लडीबुडी गर्दै बर्बराइरहेकी हुन्छे । यो उसको मात्र दुर्दशा नभएर बोक्सी भनिएका दुरदराजका सबै नारीहरूको दुर्दशा हो ।

ऊ पात्रका माध्यमबाट पुरूषप्रधान समाजमा पुरूषले स्वास्नीलाई चड्कन लगाउन छुट दिएको, छ भने बच्चा नहुनु, बच्चा तुहिनुमा पूर्णतया नारीको दोष देख्नु, बच्चा नहुने बित्तिकै सौता हाल्न अनुमति दिनु, सासू र लोग्ने मर्ने बित्तिकै सहाराविहीन एउटी महिलाको साथमा रहनुको सट्टा उल्टो बोक्सीको आरोप लगाएर समाजबाट बहिष्कार गर्नु, बोक्सीको आरोपमा मरणासन्न हुने गरी कुटपिट गर्नु र मलमूत्र खुवाउनेजस्ता अमानवीय कुकृत्य गर्नु र अन्त्यमा अनेक पीडा र प्रताडना सहन नसकेर एउटी अबलालाई शारीरक र मानसिक दुवै रूपमा विक्षिप्त बनाउनु आदि नारी उत्पीडनको चरम रूप हो र यस कथामा पितृसत्तात्मक समाजले नारीलाई बच्चा जन्माउने साधनका रूपमा बाहेक उसले बाँच्नुपर्ने अर्को कुनै प्रयोजन नै नभएको जसरी अपहेलना गरेको  हुन्छ । यो उत्पीडनको कारक पितृसत्तात्मक समाज व्यवस्था हो । पितृसत्ताका आडमा समाजका मानिसहरूले नारीमाथि गर्ने अत्याचार ऊ पात्रले भोगेको उत्पीडन मार्फत व्यक्त भएको छ ।

**'बोक्सी' कथामा यौनिक उत्पीडन**

यस कथामा समाजका पुरूषहरूबाट ऊ पात्रले भोग्नुपरेको यौनिक उत्पीडनको चित्रण गरिएको छ । ऊ पात्र सासूको र लोग्नेको मृत्युपश्चात आफ्नै छिमेकी पुरूषहरूबाट यौनिक उत्पीडनको सिकार बनेकी छे । "परम्परित सामाजिक सांस्कृतिक पितृसत्तात्मक मान्यता अनुसार महिला बाल्यावस्थामा देवीका रूपमा पुजिन्छन्, यौवानावस्थामा चरित्रहीन बेस्से जस्ता उपमाले प्रताडित हुन्छन् भने वृद्धावस्थामा बोक्सीको आरोपमा यातना खप्न विवश हुन्छन्" (प्रतीक्षा, २०७७, पृ. ४६६) । यस भनाइलाई कथाकारले कथाको यो अंशद्वारा पुष्टि गरेकी छिन् । "दिनको उज्यालोमा चरित्रवान् बनेर आफ्नो स्वास्नीको अघि पत्नीभक्त भइटोपल्ने लम्पट पुरूषहरूले पत्नीको आँखा छलेर उसको अघि घृणित प्रस्ताव राख्दथे त्यस्ता दोग्ला स्वभाव भएका नीच पुरूषहरूको निचतापूर्ण क्रियाकलाप देखेर उसको कञ्चट तात्दथ्यो" (पृ. ६२) । दिउँसो भद्रभलाद्मी बनेर राती ऊ पात्रको ढोका ढक्ढक्याउन जाने पुरूषहरूको स्वभाव उनीहरूको घरमा गएर स्वास्नीलाई भनिदिँदा उल्टै ऊ पात्रलाई नै अरुको लोग्ने फसाउन खोज्ने बेस्या भनिनुले कथामा अभिव्यक्त यौनिक उत्पीडनको दर्दनाक अवस्थाको चित्रण गरेको छ ।

ऊ पात्रको लोग्नेको मृत्युपश्चात ऊ तिनै छिमेकी पुरूषहरूबाट यौनिक उत्पीडनमा परेकी छे जसका स्वास्नीहरूबाट उसले बोक्सीको आरोप खेप्नुपरेको छ । "गाउँका कतिपय पुरूषहरूको लोलुप दृष्टिले उसलाई सधैँभरी पछ्याइरहेको कुरो पनि उसले अनुभव गर्न थालेकी थिइ" (पृ. ६२) । एकातिर समाजका महिलाहरू ऊ पात्रलाई बोक्सी आरोप लगाएर गाउँबाट बहिष्कार गर्ने र अर्कातिर त्यही समाजका पुरूषहरू आधा रातमा उसको झुप्रोमा ढोका ढक्ढक्याउन पुग्ने, गलत नजर लगाउने तथा गलत प्रस्ताव समेत राख्ने जस्ता कृयाकलापले पुरूषप्रधान समाजको दोहोरो चरित्रलाई कथाकार पाठकले छर्लङ्ग पारेकी छिन् । "रात्रिको एकान्तमा मौका छोपेर उसको झुपडीको ढोका ढक्ढक्याउन आउने ती नीच प्रकृतिका पुरूषहरूबाट पनि जोगिनु परेको थियो उसलाई" (पृ. ६२) । नारीलाई यौनपूर्तिको साधन मात्र ठान्ने यो समाजका पुरूषहरूद्वारा ऊ पात्र यौनिक उत्पीडनमा परेकी छे । यस अर्थमा यो समाज र ऊ पात्रबिच दमनकर्ता र दमितबिचको सम्बन्ध स्थापित भएको छ । आर्थिक रूपमा कमजोर, मानसिक र भौतिक रूपमा एक्लो भएका महिलाहरूले अधबैंसे उमेरमा पनि यौनिक उत्पीडनको सिकार हुनबाट बच्न निकै कठिन हुने कुरा यस कथामा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययन माया ठकुरीको 'बोक्सी' कथामा नारी उत्पीडनमा आधारित रहेको छ । यसको खोजी जैविक, सामाजिकर यौनिक उत्पीडनहरूको खोजी गरिएको छ । यस कथामा माया ठकुरीले यसको विश्लेषण गर्ने आधारमा नारीवादसँग सम्बन्धित सैद्धान्तिक मान्यतालाई लिइएको छ । नारीहरू पुरूषको तुलनामा पीडामा छन्, उत्पीडनमा छन् त्यसैले उनीहरूले पनि पुरूषसरह हक अधिकार पाउनु पर्छ भन्ने मान्यता नै नारीवाद हो । नारीवादले सर्वप्रथम नारीहरू लैङ्गिक दृष्टिले पछाडि परेका छन् भन्ने कुरा स्वीकार गर्छ र समानताका लागि सङ्घर्ष गर्छ । नारीवादमा सामाजिक रूपमा पाउने अधिकार र सम्मान, पारिवारिक रूपमा अधिकार र सम्मान तथा आफ्नो शरीरमाथिको निर्णयमा पाउने अधिकार र सम्मानसम्मका कुराहरू पर्दछन् । सन्तान उत्पादन र उनीहरूलाई हुर्काउने जिम्मेवारीका कारण विकसित भएको नारी कमजोर हुन्छन् भन्ने भाष्यले कालान्तरमा नारी उत्पीडनको पाटो बन्न पुग्यो । नारी उत्पीडनसम्बन्धी अवधारणा नारीवादी साहित्यिक समालोचनासँग सम्बन्धित छ । पुरूषप्रधान समाजमा महिलाहरू दोस्रो दर्जाका मात्र गनिन्छन् । कथामा अभिव्यक्त हुने नारी उत्पीडनका स्वरहरूले पुरूषप्रधान समाजमा स्थापित मूल्यमान्यताका कारण महिलाले सहनु परेको विभेद र स्वीकार्नु परेको मौन आधिपत्यको चिरफार गर्ने काम गर्दछ । यसमा बोक्सी कथामा नारी उत्पीडनलाई आधार मानेर यस कथामा जैविक, सामाजिक, सांस्कृतिक तथा यौनिक उत्पीडनका आधारमा 'बोक्सी' कथाको अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको छ । यस कथामा जैविक कारणले ऊ पात्रले केकस्ता उत्पीडनहरू सहनुपरेको छ भन्ने कुराको खोजी गरिएको छ । बोक्सी कथामा ऊ पात्रले जेजति पनि उत्पीडनहरू सहनु परेको छ, ती सबै उत्पीडनको सुरूवात जैविक रूपमा उसको जन्म महिलाका रूपमा हुनुले भएको हो यस कथाकी केन्द्रिय पात्र उसले १४ वर्षको उमेरदेखि पितृसत्ताको सिकार बनेर जीवनको वृद्धावस्था पनि त्रासैत्रासमा गुजारा गर्दैछे । जैविक रूपमा ऊ पात्र महिला भएकीले नै चौध वर्षको कलिलो उमेरमा विवाह हुनु, लोग्नेबाट पिटाइ खानु, भनाभन भएको वा मुख लागेको भरबाट पतिबाट लैङ्गिक हिंसा सहन्नु परेको छ । बच्चा जन्मनु नारीको गुण र नजन्मनुलाई पनि नारीलाई नै यसरी दोषी मानिन्छ । बच्चा नजन्मदा प्रत्यक्ष रूपमा बाँझी भन्ने शब्दको प्रयोग नगरे पनि अप्रत्यक्ष रूपमा उसलाई दोषारोपण गरिएको छ । जैविक रूपमा महिला भएर जन्मनुकै कारण ऊ पात्रले जीवनमा निकै उत्पीडनहरूको सामना गर्नु परेको छ । पितृसत्तात्मक समाजमा जैविकीय रूपमा महिलाको शरीर धारण गरेकाले नै ऊ पात्रले क्रमशः सामाजिक र यौनिक उत्पीडनको पनि सिकार बन्नु परेको छ । यस कथामा ऊ पात्रको १४ वर्षदेखि ६८ वर्षसम्म भोग्नुपरेको शारीरिक र मानसिक उत्पीडनहरू अभिव्यक्त गरिएको छ । बोक्सी कथा पितृसत्तात्मक सामाजिक परिवेशमा संरचित कथा हो । यस कथामा ऊ पात्रले सामाजिक रूपमा अनेकौं उत्पीडनमा झेलेकी छे । ऊ पात्रका माध्यमबाट पुरुषप्रधान समाजमा पुरुषले श्रीमतीलाई चड्कन लगाउन छुट दिएको, छ भने बच्चा नहुनु, बच्चा तुहिनुमा पूर्णतया नारीको दोष देख्नु, बच्चा नहुने बित्तिकै सौता हाल्न अनुमति दिनु, सासु र लोग्ने मर्ने बित्तिकै सहारा बिहिन एउटी महिलाको साथमा रहनुको सट्टा उल्टो बोक्सीको आरोप लगाएर समाजबाट बहिष्कार गर्नु, बोक्सीको आरोपमा मरणासन्न हुनेगरी कुटपिट गर्नु र मलमूत्र खुवाउने जस्ता अमानवीय कुकृत्य गर्नु र अन्त्यमा अनेक पीडा र प्रताडना सहन नसकेर एउटी नारीलाई शारीरक र मानसिक दुवै रूपमा विक्षिप्त बनाउनु आदि नारी उत्पीडनको चरम रूप हो । यस कथामा पितृसत्तात्मक समाजले नारीलाई बच्चा जन्माउने साधनका रूपमा बाहेक उसले बाँच्नुपर्ने अर्को कुनै प्रयोजन नै नभएको जसरी अपहेलना गरेको हुन्छ । यो उत्पीडनको कारक पितृसत्तात्मक समाज व्यवस्था हो । पितृसत्ताका आडमा समाजका मानिसहरूले नारीमाथि गर्ने अत्याचार ऊ पात्रले भोगेको उत्पीडन मार्फत व्यक्त भएको छ । यस कथामा समाजका पुरूषहरूबाट ऊ पात्रले भोग्नुपरेको यौनिक उत्पीडनको चित्रण गरिएको छ । ऊ पात्र सासूको र लोग्नेको मृत्युपश्चात आफ्नै छिमेकी पुरूषहरूबाट यौनिक उत्पीडनको सिकार बनेकी छे । यसरी आर्थिक रूपमा कमजोर, मानसिक र भौतिक रूपमा एक्लो भएका महिलाहरूले अधवैसे उमेरमा पनि यौनिक उत्पीडनको सिकार हुनबाट बच्न निकै कठिन हुने कुरा यस कथामा प्रस्तुत गरिएको छ । यसर्थ 'बोक्सी' कथामा जैविक उत्पीडन, सामाजिक, सांस्कृतिक उत्पीडन र यौनिक उत्पीडनको प्रयोग भएको छ । अन्त्यमा, नारीवादी मान्यतामा आधारित नारी उत्पीडनका पक्षहरूको उजागर भएको बोक्सी कथा अन्तर्वस्तुका दृष्टिले र अभिव्यक्तिगत रूपमा पनि निकै उत्कृष्ट बनेको छ भन्न सकिन्छ ।

**कृतज्ञताः** यो अनुसन्धानात्मक लेख त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत दर्शनाचार्य तह दोस्रो सत्रमा प्रस्तुत आवधिक पत्रमा आधारित छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, गणेशराज (सम्पा.) (२०७८), *आधुनिक नेपाली नारीकथाहरू, काठमाडौं*, नेपाल प्रज्ञाप्रतिष्ठान ।

एङ्गेल्स, फ्रेडरिक (सन् १९८६), *परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति, अनु. राजेन्द्र मास्के, मस्को,* प्रगति प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स प्रा. लि. ।

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी, (२०६६), *नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

ठकुरी, माया (२०७२), *प्रियंवदा कथासङ्ग्रह,* रत्न पुस्तक भण्डार ।

ढकाल, बन्दना (२०७०), *प्रवाह उपन्यासमा नारीवादी चेतना, नारीवादी समालोचना.*सुधा त्रिपाठी र सीता पन्थी (सम्पा.) (पृ. २८० -२८७), नेपाल प्रज्ञाप्रतिष्ठान ।

ढकाल, रजनी (२०८१), *लैङ्गिकता र नेपाली साहित्य,* भुँडीपुराण प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रतीक्षा, साधना (२०७८), *समकालीन नेपाली नारी-आख्यानमा पहिचान र विद्रोह,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रतीक्षा, साधना, (२०७६), *लैङ्गीक समालोचनका सैद्धान्तिक आधार र विश्लेषण, रत्न बृहत् नेपाली समालोचना* लक्ष्मण गौतम (सम्पा.), (पृ. ३२५ -३५६), रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेश (२०७६), *लैङ्गीक समालोचना, रत्न बृहत् नेपाली समालोचना,* लक्ष्मण गौतम (सम्पा.), रत्न पुस्तक भण्डार ।

शर्मा, बिन्दु (२०७०), *कृष्णकी कठपुतली राधाः नारीवादी पठन, नेपाली नारीवादी समालोचना,* सुधा त्रिपाठी र सीता पन्थी (सम्पा.), (पृ. २३७ - २५६), नेपाल प्रज्ञाप्रतिष्ठान ।

Beauvoir, S. de. (1956). *The second sex.* Harmounthworth. Pengiun.

Bhasin, K. (1993). *What is patriarchy*. Kali for Women.

Millett, K. (1977). *Sexiual poltics.* Virago.

**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Author Biography**

Januka Koirala (Urmila) is pursuing Mphil degree form Tribhuvan University, Nepal. Nepali literature is her area of interest.